**२०८० साल कार्तिक १, बुधवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **स्वास्थ्य मन्त्रालय :** सिकेलसेल, थालेसेमिया र हेमोफिलियाका बिरामीको परिवारलाई निःशुल्क बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गर्ने।

२. **स्वास्थ्य मन्त्रालय :** आँखाको नानी निःशुल्क प्रत्यारोपण (कर्निया ट्रान्सप्लान्टेशन) शोध भर्ना सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने।

३. **स्वास्थ्य मन्त्रालय :** चालिस वर्षभन्दा माथिको लागि नसर्ने (मधुमेह, उच्च रक्तचाप र मृगौला) रोग स्क्रिनिङ्ग कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गर्ने।

४. **स्वास्थ्य मन्त्रालय :** जेष्ठ तथा अति असक्त नागरिकसँग स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गर्ने।

५. **स्वास्थ्य मन्त्रालय :** स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति (चौथो संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने।

६. **स्वास्थ्य मन्त्रालय :** अस्पताल विकास समिति (गठन तथा सञ्चालन) नियमावली, २०८० स्वीकृत गर्ने।

७. **स्वास्थ्य मन्त्रालय :** "प्रदेश सरकार अन्तर्गतका १३ (तेह्र) वटा अस्पतालका अस्पताल विकास समिति (गठन) आदेशहरू खारेज गर्ने र खारेजीको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्ने।"

८. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय :** प्रदेशको राजधानी क्षेत्र भित्रको रोक्का रहेका जग्गा कित्ताकाट नहुने गरी फुकुवा गर्ने ।